मिति : २०७५।०८।०५

समय : बिहान ७:४५ बजे

स्थान : पनौती न.पा. भवन

आज मिति २०७५ साल संसिर ०५ गते बुधबारका दिन पनौती नगरपालिकाका प्रमुख श्री भीम न्यौपानेज्यूको अध्यक्षतामा पनौती नगर कार्यपालिकाको ४६ औं बैठक बस्यो, बैठकमा देहाय बमोजिमको उपस्थिति रहयो ।

उपस्थिति

| सि.नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री भिम न्यौपाने | प्रमुख | द.ख. |
| २ | श्री गिता बन्जारा | उप प्रमुख | द.ख. |
| ३ | श्री गुणनाथ सापकोटा | वडा अध्यक्ष वडा नं. १ | द.ख. |
| ४ | श्री तिलकबहादुर तामाङ्ग | का.वा. वडा अध्यक्ष वडा नं. २ | द.ख. |
| ५ | श्री किशोर थापा | वडा अध्यक्ष वडा नं. ३ | द.ख. |
| ६ | श्री बुद्धसिंह थापा | वडा अध्यक्ष वडा नं. ४ | द.ख. |
| ७ | श्री श्रीधर पाध्या कुईकेल | वडा अध्यक्ष वडा नं. ५ | द.ख. |
| ८ | श्री सुधिर सापकोटा | वडा अध्यक्ष वडा नं. ६ | द.ख. |
| ९ | श्री रामचन्द्र नास्नानी | वडा अध्यक्ष वडा नं. ७ | द.ख. |
| १० | श्री केशव बन्जारा | वडा अध्यक्ष वडा नं. ८ | द.ख. |
| ११ | श्री शहकुलकुमार हुमागाई | वडा अध्यक्ष वडा नं. ९ | द.ख. |
| १२ | श्री मोहनबहादुर भण्डारी | वडा अध्यक्ष वडा नं. १० | द.ख. |
| १३ | श्री तारामान लामा | वडा अध्यक्ष वडा नं. ११ | द.ख. |
| १४ | श्री इश्वरराज जंगम | वडा अध्यक्ष वडा नं. १२ | द.ख. |
| १५ | श्री चण्डिका परियार | न.का.पा.स. | द.ख. |
| १६ | श्री निला अधिकारी | न.का.पा.स. | द.ख. |
| १७ | श्री भवानी विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| १८ | श्री राधिका विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| १९ | श्री सिता श्रेष्ठ | न.का.पा.स. | द.ख. |
| २० | श्री केवल रम्तेल | न.का.पा.स. | द.ख. |
| २१ | श्री मदन विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| २२ | श्री रामकाजी पहरी | न.का.पा.स. | द.ख. |
| २३ | श्री बिजयराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत | द.ख. |
| २४ | श्री इन्द्रप्रसाद अधिकारी | बरिष्ठ प्रशासकीय अधिकृत | द.ख. |
| २५ | श्री केशव कर्माचार्य | खरिदार | द.ख. |

**प्रस्तावहरू**

१. साझेदारी योजना सम्बन्धमा ।

२. टयाङ्कर खरिद सम्बन्धमा ।

३. कुशादेवी स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा ।

निर्णय प्रतिलिपी उतार

२०७५/१०/०६

इन्द्रप्रसाद अधिकारी
बरिष्ठ प्रशासकीय अधिकृत

**निर्णयहरू :**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा यस नगरपालिकाबाट मिति २०७५।०७।१५ मा प्रकाशित सूचना बमोजिम नगद सहभागीतामा आधारित साझेदारी कार्यक्रमबाट संचालन गर्न प्राप्त हुन आएका प्रस्ताव उपर छलफल गर्दा देहाय बमोजिमका योजना स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | स्वीकृत योजनाको नाम | ठेगाना | जम्मा रकम | न.पा.ले ब्यहोर्ने | उपभोक्ताले ब्यहोर्ने |
|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक पार्क निर्माण | पनौती-३ | १०,००,०००।- | ६,००,०००।- | ४,००,०००।- |
| २ | नौविसे फाँट सिंचाई | पनौती-१० | १०,००,०००।- | ६,००,०००।- | ४,००,०००।- |
| ३ | सेतीदेवी मन्दिर निर्माण | पनौती-८ | ५,००,०००।- | ३,००,०००।- | २,००,०००।- |
| ४ | पाथिभरा पाटि निर्माण | पनौती-८ | ५,००,०००।- | ३,००,०००।- | २,००,०००।- |
| ५ | कपालकोट खानेपानी पाईपलाईन संरक्षण कार्य | पनौती-७ र८ | २०,००,०००। | १२,००,०००।- | ८,००,०००।- |
| ६ | धाराचौरमा जोरढुंगे धारा मर्मत र किरियापाटी निर्माण | पनौती-२ | ५,००,०००।- | ३,००,०००।- | २,००,०००।- |
| ७ | साविक मल्पी ४ हाल ८ को ट्रान्समिटरदेखि शम्भु राउतको घरसम्म बाटो स्तरोन्नती तथा ढलान कार्य | पनौती-८ | १०,००,०००।- | ६,००,०००।- | ४,००,०००।- |

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा यस नगरपालिका, बेथानचोक गाउँपालिका र खानी ब्यवसायी बीच २०७५।०७।२८ का दिन भएको त्रिपक्षीय सहमती बमोजिम पानी छर्कने टयाङ्कर खरिदका लागि बढीमा ३० लाख को सीमा भित्र रहने गरि सोका लागि आवश्यक एक हिस्सा यस नगरपालिकाले ब्यहोंने गरी टयाङ्कर थान-१ खरिद गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस नगरपालिका र Terre des hommes बीच कुशादेवी स्वास्थ्य चौकी भवन निर्माणका लागि भएको सम्झौता बमोजिम Terre des hommes मार्फत प्राप्त हुने भवन निर्माणको रकम यस नगरपालिकामा जम्मा हुने गरी उपलब्ध गराई दिने ब्यबस्थाका लागि सम्बन्धित संस्थालाई अनुरोध गर्ने निर्णय गरियो ।

४. आगामी बैठक यही २०७५ मंसिर १३ गतेका दिन दिनको २:०० बजे बस्ने निर्णय गरियो ।

निर्णय प्रतिलिपि उतार

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती काभ्रेपलान्चोक ३ नं. प्रदेश नेपाल २०७३

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत